जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २० पृष्ठः ४ | २०८२ बैशाख २४ गते बुधबार (Wednesday 07 May 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com



## बाढीले कमला नदीको अस्थायी पुल बगाउँदा हुलाकी सडक अवरुद्ध

जनकपुर, २३ बैशाख। सिरहा र धनुषा जोड्ने कमला नदीमा बाढी आएपछि हुलाकी राजमार्ग अवरुद्ध भएको छ। बाढीले अस्थायी पुल बगाएपछि हुलाकी राजमार्ग अबरुद्ध बनेको हो। सोमबार राति सिरहा र धनुषा साथै पहाडमा भारी वर्षा भएपछि बाढी आएको हो। मंगलबार विहान आएको बाढीले अस्थायी बाँसको पुल बगाएपछि आवत-जावत पूर्णरुपमा बन्द भएको सिरहा नगरपालिका ६ का वडाध्यक्ष इन्द्रजीत यादवले जानकारी दिए। उनका अनुसार अस्थायी पुल सिरहा नगरपालिकाले बनाएको थियो। कमला नदीमा पुल निर्माण भएर उद्घाटनको तयारी भइरहँदा ०७८ असारमा भासिएको थियो। तीनवटा पिलर भासिएपछि पुल काम नलाग्ने भएको छ। ठेकेदार कम्पनीले भासिएको पिलरको स्थानमा अर्को पिलर राखेर पुल सञ्चालनमा ल्याउने सम्झौता गरेपनि काम भएको छैन। पुल सञ्चालनमा नआएपछि सिरहा नगरपालिकाले बनाएको अस्थायी पुलबाट मानिसहरु आवत-जावत गर्दै आएका थिए। तर, काम चलाउ अस्थायी पुल पनि बाढीले बगाएपछि आवत-जावत पूर्णरुपमा बन्द भएको छ। आवत-जावत बन्द भएपछि यात्रुहरु मारमा परेका छन्।

## चट्याङबाट बालकको मृत्यु

काठमाडौं, २३ बैशाख। उदयपुरको कटारी नगरपालिकामा चट्याङ लागेर बालकको ज्यान गएको छ। कटारी-८ फूलबारीका १३ वर्षीय चित्रबहादुर वलम्पाकी मगरको ज्यान गएको वडाध्यक्ष नवीन तामाङले जानकारी दिए। मंगलबार बाख्रा चराउन गएका मगर साँझसम्म घर नफर्किएको र बेलुकी खोजी गर्न जाँदा ढलिरहेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ।

## प्रभावकारी बन्दै सुत्केरी तथा गर्भवती पोषण कार्यक्रम




सिरहा, २३ बैशाख सिरहाको लहान नगरपालिकाले तीन वर्षअघिदेखि सञ्चालन गरेको सुत्केरी तथा गर्भवती पोषण कार्यक्रम प्रभावकारी बन्दै गएको छ। नगरपालिकाका २४ वटै वडाका सुत्केरी तथा गर्भवतीलाई क्रमशः प्रत्येक महिनाको २२ गतेका दिन कार्यक्रमअन्तर्गत पोषण वितरण गरिँदै आइएको हो। सोही अनुसार सोमबार वडा नं २२ का ४० जना गर्भवती तथा सात जना सुत्केरी गरी ४७ जनालाई एक कार्यक्रमको आयोजना गरी नगरप्रमुख महेशप्रसाद चौधरीले पोषणका सामग्री वितरण गरे। स्थानीय तहको निर्वाचनअघि जनतासँग गरिएका प्रतिबद्धता अनुसार आफू नगरप्रमुख पदमा निर्वाचित भएदेखि भविष्यमा जन्मिने बच्चा स्वस्थ होस् भन्ने उद्देश्यले गर्भवती तथा सुत्केरीलाई कार्यक्रममार्फत पोषण वितरण सुरु गरिएको नगरप्रमुख चौधरीले बताए।

-बाँकी तीन पेजमा

## चिकित्सक नहुँदा सर्पदंश उपचार प्रभावित

सर्लाही, २३ वैशाख। सर्लाहीको लालबन्दी नगरपालिका-१ स्थित नवलपुर सर्पदंश उपचार केन्द्रमा अत्यावश्यक स्वास्थ्य उपकरण भए पनि तिनलाई सञ्चालन गर्ने दक्ष चिकित्सकको अभावले प्रयोगमा आउन सकेका छैनन्। उपचार केन्द्रमा आइसियु र भेन्टिलेटर उपलब्ध भए पनि ती उपकरण झन्डै छ वर्षदेखि थन्किएका छन्। उपचार केन्द्रका अध्यक्ष उद्धवप्रसाद पौडेलका अनुसार, यस अवधिमा विभिन्न माध्यमबाट दक्ष चिकित्सकको खोजी गरिए पनि पाइएको छैन। हालै मात्र केन्द्रले चिकित्सकका लागि आवेदन आह्वान गरी परीक्षा समेत सञ्चालन गरेको थियो। पाँच जनाले आवेदन दिए पनि एकजना मात्रै उत्तीर्ण भए। उनी पनि अन्ततः नियुक्ति लिनै आएनन्।

उपचारका लागि सर्पदंशको एन्टिस्नेक भेनम सरकारले उपलब्ध गराए पनि अन्य आवश्यक औषधिहरू भने केन्द्रले आफैँ खरिद गर्नुपरेको छ।




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## त्रियुगा नदीको बाढीले बगायो बस

काठमाडौं, २३ बैशाख। उदयपुरको चौदण्डीगढी नगरपालिका-५ स्थित सिवाई-बेल्हा गाउँको बीचमा रहेको त्रियुगा नदीको बाढीले जन्ती पुऱ्याएर फर्किएको बस बगाएको छ। सोमबार राति सिवाईबाट सप्तरीमा जन्ती पुऱ्याएर बेल्टार फर्किने क्रममा को१ ख ४७५३ नम्बरको बराहक्षेत्र नामक यात्रुबाहक त्रियुगा नदीमा आएको बाढीले बगाएको हो। इलाका प्रहरी कार्यालय



सिवाईका असई जगदशप्रसाद मेहताले बस सोमबार राति ११ बजे त्रियुगा नदीमा आएको बाढीमा बगेर डुबेको

-बाँकी तीन पेजमा

## विद्यार्थी भर्ना अभियानमा सबैले योगदान गरौं

- विद्यालयले आ-आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालबाट सूचना प्रवाह गर्ने,
- अभिभावकविहीन बालबालिकाको अध्ययनमा सहयोग गर्ने व्यक्ति तथा संस्थाको पहिचान र उचित सम्मान गर्ने,
- सामुदायिक सिकाइकेन्द्रहरुले विद्यालयबाहिर रहेका बालबालिकाको लगत संकलन गर्ने,
- सार्वजनिक जीवनका व्यक्तिहरुले विद्यालय उमेर समूहका सीमान्तकृत समूहका, अपाङ्गता भएका वालबालिकाका लागि विद्यालय भर्नाको पहल गर्ने,
- स्थानीय तहले भर्ना अभियानको नेतृत्व गर्ने।
- सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्रासिको सुनिश्चितता।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## संवैधानिक निकाय पदाधिकारीको अनैतिक आचरण

नेपालको संविधानमा कार्यपालिकाका कामकाजको निगरानी गरेर प्रश्न उठाउन तथा संविधानको भावनाविपरीत जान नदिन पहरेदारका रूपमा केही संवैधानिक निकायहरूको परिकल्पना गरिएको छ। यसैले संवैधानिक आयोगका पदाधिकारीलाई राज्यबाटै विशेष सेवा र सुविधा पनि दिइन्छ। संवैधानिक आयोगमा नियुक्त हुन आवश्यक योग्यतामा एउटा साझा बुँदा छ ( 'उच्च नैतिक चरित्र भएको।' विडम्बना, नेपालका संवैधानिक निकायका अधिकांश पदाधिकारीमा भने अरू सबै योग्यता भए पनि यो 'साझा न्यूनतम योग्यता'को अभाव देखियो। संवैधानिक निकायका अधिकांश पदाधिकारीले राज्यबाट निवृत्तिभरण र पारिश्रमिक गरी दोहोरो सुविधा लिँदैआएका छन्। नेपालको कानुनले स्पष्ट निषेध गरेको छैन भन्दैमा एउटै व्यक्तिले दोहोरो सुविधा लिनु नैतिक तथा व्यावहारिक दृष्टिले पनि उचित देखिँदैन।

नैतिक दृष्टिले अनुचित कार्य गर्नु प्रकारान्तरले 'अनैतिक' आचरण हो। अनैतिक आचरण भएका संवैधानिक निकायका पदाधिकारीले कार्यपालिकामाथि कस्तो निगरानी गर्लान् ? तिनका सिफारिसहरू सरकारले रद्दीको टोकरीमा फाल्न नहिचकिचाउनुको एउटा कारण यही नैतिक कमजोरी पनि त होइन ? संवैधानिक निकायहरूका अधिकांश पदाधिकारीमा अवकाशप्राप्त कर्मचारी हुनेगर्छन्। यसैले उनीहरूलाई राज्यले निवृत्तिभरण दिन्छ। 'उच्च नैतिक चरित्र भएको' भनी संवैधानिक पदमा नियुक्त भएपछि नैतिकरूपमा उनीहरूले निवृत्तिभरण वा पारिश्रमिकमध्ये एउटामात्र सुविधा लिने अपेक्षा राखिएको हुन्छ। संवैधानिक आयोगहरू पदाधिकारीहरू कार्यपालिकामाथि नागरिकका तर्फबाट निगरानी गर्ने भूमिकामा हुन्छन्। उनीहरूसँग बाध्यात्मक शक्ति हुँदैन। यसैले नैतिक शक्ति भएमात्र उनीहरूले संविधानले सुम्पेको दायित्व पूरा गर्न समर्थ हुन्छन्। दुर्भाग्य, तिनले त्यही नैतिक शक्ति गुमाए।

पटकपटक राज्यको उच्च पदमा पुगेका व्यक्तिहरूमा समेत यसरी सन्तानलाई समेत लाज लाग्ने गरी तलब र पेन्सन दुवै हसुर्ने कुबुद्धि कसरी पलायो होला ? संवैधानिक निकायमा नियुक्त हुन 'थैली बुझाउन' पर्ने हल्ला कतै सही त होइन ? 'थैली बुझाउनु पर्ने' हल्ला सही हो भने त्यस्ता पदाधिकारीको अनैतिक क्रियाकलापको दोष तिनको नियुक्तिको सिफारिस गर्ने संवैधानिक परिषद्का पदाधिकारीमाथि पनि लाग्छ। तिनलाई भागबन्डामा नियुक्त गर्ने राजनीतिक दलका नेताले पनि यस लुटको दोष बोक्नुपर्छ। यस्तो 'अनैतिक आचरण'का लागि कानुनी कारबाही सायद हुँदैन। तर नागरिकहरूले यिनीहरूमाथि निगरानी र सामाजिक बहिष्कारको अभियान चलाउन सक्छन्। देशलाई भ्रष्टाचार मुक्त बनाउने दायित्व नागरिकको पनि हो। अनैतिक पात्रलाई 'उच्च नैतिक चरित्र भएको' भनी नियुक्त गर्नेहरूसँग पनि हिसाबकिताब त जनताले नै गर्ने हो चुनावमा।

# युवा नीति संशोधन : उमेर समूह कति उचित ?



आयुशा काँडेल

हामी सामाजिक रूपान्तरणको विशेष चरणमा छौँ। सामाजिक रुपान्तरणका लागि सबै वर्ग तथा समुदायका युवाको सशक्तीकरण अनिवार्य हुन्छ। विकास योजनाको केन्द्रबिन्दुमा रहेका युवाको भविष्य नीतिगत ढाँचाले निर्देशित गर्छ। यतिखेर हामीकहाँ 'राष्ट्रिय युवा नीति– २०७२' को पुनरवलोकन र संशोधनको बहस चलिरहेको छ। बहसको केन्द्रमा रहेको एउटा प्रमुख विषय भनेको युवा उमेरको परिभाषा हो। अर्थात् कुन उमेर समूहका नागरिकलाई 'युवा' मान्ने ? हालको नीतिले १६ देखि ४० वर्ष उमेर समूहलाई 'युवा' परिभाषित गरेको छ। युवाको उमेर समूहलाई लिएर विश्वभरि नै आ–आफ्ना मान्यता छन्। हामीकहाँ पनि १६–३५, १५–२९, १८–३० वा १८–३५ उमेर समूहलाई युवा मान्नुपर्ने तर्क आइरहेका छन्।

**अन्तर्राष्ट्रिय अभ्यास**

नेपालसँग मिल्दोजुल्दो सामाजिक संरचना भएका देशहरू– भारत, श्रीलंका, बंगलादेश, पाकिस्तान लगायतले युवाको परिभाषा फरक–फरक ढाँचामा अपनाएका छन्। भारतमा त्यहाँको 'राष्ट्रिय युवा नीति– २०१४' ले १५–२९ उमेर समूहलाई युवा भनेको छ, तर केही राज्य सरकारहरूले १५–३५ अथवा १५–४० सम्मको सीमा राखेका छन्। अफ्रिकी युनियनले १५–३५ उमेर समूहलाई युवा मानेको छ। संयुक्त राष्ट्रसंघले १५–२४ उमेर समूहलाई मात्र युवा भने पनि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) ले 'इमर्जिङ युथ' अवधारणा अन्तर्गत १८–३५ वा १८–४० उमेर समूह सिफारिस गर्दछ। साउथ एसियन युथ पोलिसी नेटवर्कले पनि १६–४० लाई उचित मानेको छ।

हाम्रो भूगोल, जातीय विविधता, पहुँच, लैङ्गिक असमानता, शिक्षा तथा रोजगारीमा पहुँच आदिको विश्लेषण गर्दा सैद्धान्तिक रूपमा १६–४० वर्षकै सीमा व्यावहारिक देखिन्छ।

**हाम्रो सन्दर्भ**

२०७८ को जनगणना अनुसार, नेपालमा १६ देखि ४० वर्ष उमेर समूहमा पर्ने जनसंख्या करिब १.३ करोड रहेको छ, जुन कुल जनसंख्याको झन्डै ४२.५ प्रतिशत हो, (केन्द्रीय तथ्यांक विभाग, २०७८)। उत्पादन, नवप्रवर्तन, नेतृत्व विकास र सामाजिक गतिशीलताको प्रमुख स्रोत हो, १६–४० उमेर समूह। ग्रामीण क्षेत्रका युवा प्रायः १८ वर्षपछि मात्रै माध्यमिक शिक्षा पूरा गर्छन्। २५ वर्ष नाघ्दा ननाघ्दै उच्च शिक्षा पूरा हुन्छ। तिनै युवा उच्च शिक्षापश्चात् रोजगारी खोज्न, उद्यम सुरु गर्न वा वैदेशिक रोजगारीका लागि जान धाउँछन्। यो चरण ३० वर्षपछि मात्रै स्थायित्वमा रूपान्तरण हुन थाल्छ। नेपालमा राजनीतिक चेत र सहभागिता कक्षा १२ पछिको विद्यार्थी जीवनदेखि सुरु हुन्छ। विद्यार्थी राजनीति, युवासंघ–संस्थाहरू, पेसागत संगठनहरू हुँदै मुख्यधारको दलमा भूमिका बनाउँदै जाँदा धेरैजसो युवाहरू ३० वर्ष नाघिसकेको हुन्छ। अहिले पनि संघीय संसद्का धेरै सांसद पहिलोचोटि निर्वाचित हुँदा ३५–४० वर्षको उमेर आसपास छन्। उदाहरणका लागि– २०७९ सालको निर्वाचनमा निर्वाचित २७५ सांसदमध्ये १०५ जना (३८ प्रतिशत) ४० वर्षभन्दा कम उमेरका थिए, तर तीमध्ये २५ प्रतिशत मात्रै ३० वर्षमुनिका थिए। बाँकी ३०–४० बिचका थिए। युवालाई राजनीतिक नेतृत्वका लागि तयार गराउन कम्तीमा ४० वर्षको सीमा राख्नु नै व्यावहारिक र वैज्ञानिक ठहरिन्छ।

**उद्यमशीलता र आर्थिक सशक्तीकरण**

नेपालमा साना तथा मझौला उद्यम (एसएमईएस) सञ्चालन गर्ने अधिकांश उद्यमीहरू ३०–४० उमेर समूहका छन्। युवा उद्यमशीलता कार्यक्रम (युथ स्टार्टअप लोन प्रोग्राम) मार्फत सहुलियत ऋण लिनेहरूमा सबैभन्दा सक्रिय समूह पनि यही हो। नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार, २०७८/७९ मा 'युवा लक्षित सहुलियत ऋण' अन्तर्गत कुल ७,८०० भन्दा बढी लाभार्थीमध्ये ५७ प्रतिशत २५–४० वर्ष उमेर समूहका थिए। यसले यो देखाउँछ कि आर्थिक स्वतन्त्रता प्राप्त गर्नका लागि यो समूह अत्यन्तै संवेदनशील छ। युवा परिभाषाबाट १६ देखि ४० उमेर समूह हटाइयो भने उनीहरू सरकारी सहुलियत, तालिम, अनुदान तथा नीति सुविधा बाहिर रहनेछन्, जुन दीर्घकालीन रूपमा राष्ट्रको विकास गति सुस्त बनाउने खतरा रहन्छ।

**शिक्षा, कौशल र आप्रवासन सन्दर्भ**

नेपालमा औसत रूपमा विश्वविद्यालय शिक्षा (ब्याचलर्स) पूरा गर्नकै लागि युवाहरूको उमेर २२–२५ वर्ष पुगिसकेको हुन्छ। त्यसपछि केही रोजगार खोज्छन् भने केही विदेशतर्फ लाग्छन्। हालैको अध्ययन अनुसार कुल वैदेशिक रोजगारी जानेमध्ये ६५ प्रतिशत २५–४० वर्ष उमेर समूहमा छन्। टेक्निकल एन्ड भोकेसनल एजुकेसन एन्ड ट्रेनिङ (टीभीईटी) को लाभ लिने ७० प्रतिशतभन्दा बढी पनि यही उमेर समूहका छन्। यस्ता तथ्यले देखाउँछ कि नेपालको श्रम बजार, सीप अभिवृद्धि र आप्रवासन संरचना नै १६–४० वर्ष उमेर समूहमा केन्द्रित छ।

**युवा नीति र युवा दृष्टिकोण**

हाल कार्यान्वयनमा रहेको 'राष्ट्रिय युवा नीति– २०७२' ले युवालाई दुई श्रेणीमा विभाजन गरेको छ। १) १६–२४ किशोर–किशोरी र प्रारम्भिक युवा। २) २५–४० परिपक्व युवा। यसले नीति निर्माणमा समावेशिता ल्याएको छ। युवा दृष्टिकोण २०२५ नामक कार्यदिशाले पनि १६–४० कै समूहलाई लक्षित गरेको छ। यसमा पाँच प्रमुख स्तम्भ उल्लेख छन्, शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता र सशक्तीकरण। नेपाल बहुजातीय, बहुभाषिक, भौगोलिक रूपमा विकट र विविधताको देश हो। हिमाली, पहाडी र तराई क्षेत्रका युवाहरूको शिक्षा प्राप्ति, सामाजिक चेत, रोजगारीको अवस्था र राजनीतिक पहुँचमा असमानता छ। सहर र गाउँबिचको अवसरमा झन्डै १० वर्षको 'डेभलपमेन्टल ल्याग' छ।

सुदूरपश्चिम, कर्णाली, मधेश प्रदेशका धेरै युवाले ३० वर्ष नाघेपछि मात्रै सरकारी रोजगारी या सामाजिक नेतृत्वमा पहुँच पाउँछन्। यस्तो अवस्थामा १६–४० वर्ष नै न्यायोचित र समावेशी परिभाषा हुनेछ। नेपालमा शिक्षामा पहुँच, विवाहको उमेर, व्यवसायमा संलग्नता, मातृत्व र पारिवारिक दायित्वका कारण महिलाहरूको सक्रिय युवा जीवन ढिलो सुरु हुन्छ र छोटो रहन्छ। त्यसैले महिलाका लागि १६–४० वर्षको परिभाषा झनै उपयोगी र सशक्तीकरण–अनुकूल हुनेछ।

**निष्कर्ष**

युवा परिभाषा कुनै आँकडाको खेल मात्र होइन। यो नीति निर्माण, बजेट विनियोजन, कार्यक्रम वितरण, नेतृत्व निर्माण र सामाजिक न्यायको आधारशिला हो। नेपालले अपनाएको १६–४० वर्षको वर्तमान परिभाषा समावेशी, व्यावहारिक छन्न अन्तर्राष्ट्रिय अभ्याससँग मेल खाने छ र सबै उमेर समूहका युवाहरूलाई आवश्यक अवसर उपलब्ध गराउँछ। यसलाई खुम्च्याएर १६–३५ वा १८–३० मा सीमित गर्नु भनेको लाखौँ युवालाई नीति–कार्यक्रमको पहुँचबाट बाहिर राख्नु हो। त्यसैले आगामी युवा नीति संशोधन गर्दा पनि १६–४० वर्षकै परिभाषालाई निरन्तरता दिनु वैज्ञानिक, सामाजिक र राजनीतिक रूपमा अनिवार्य छ।

# धन धन भाग हमर घर जानकी जनम लेल सीया....

**ज्योति झा**

जनकपुर, २३ वैशाख। मंगलबार जनकपुरधाम श्रद्धा, आस्था र चेतनाको भव्य स्वरूपमा रूपान्तरण भएको छ। वैशाख शुक्ल नवमी अर्थात् जानकी नवमीको अवसरमा लाखौं श्रद्धालुहरूको आगमनसँगै सीता जन्मस्थल जनकपुरधाम फेरि एक पटक राष्ट्रिय विमर्शमा प्रवेश गरेको छ। तर, यो दिन केवल धार्मिक अनुष्ठानको दिन मात्र नभई जनकपुरधामको सामाजिक, सांस्कृतिक र राजनीतिक पहिचानको पुर्नस्थापना गर्ने क्षण पनि हो। राजर्षि जनकले हलो जोत्दा माटोबाट जन्मिएकी सीता एक धार्मिक पात्र मात्र नभई नारी चेतनाको आदर्श र शासकको उत्तरदायित्वको स्मरण हुन्। सीताको जीवन, विवाह, वनवास र अग्निपरीक्षा महिलाले भोग्नुपर्ने सामाजिक मूल्य मापनको दर्पण हो। उनले पीडा सहिन्, तर आत्मसम्मान गुमाइनन्। आजको समाजलाई उनीबाट न्याय, सहिष्णुता र स्वाभिमान सिक्न जरुरी छ। आजको दिन केवल एक धार्मिक पर्वको तिथि मात्र नभई ऐतिहासिक अवसर हो। नेपाली माटोको कोखबाट जन्मिएकी एक देवीले सम्पूर्ण हिन्दू सभ्यता, नारी चेतना र सामाजिक न्यायलाई नयाँ परिभाषा दिइन्। वैशाख शुक्ल नवमी अर्थात् जानकी नवमी। जनकपुरधाममा आज भव्य रूपमा मनाइँदैछ। तर, यो उत्सव पूजा र भजनसम्म सीमित छैन। यो पर्व जनकपुरधामको आत्मा, मिथिलाको पहिचान र सम्पूर्ण नेपाली समाजको वैचारिक पुनर्जागरणको आवाज हो।



राजर्षि जनक हलो जोतेर माटो फोडिरहेका बेला सीताको उत्पत्ती भयो भन्ने विश्वास हाम्रो पुराण र स्मृतिमा गहिरिएर बसेको छ। तर, यो केवल धार्मिक कथा होइन। यो एक गहिरो सामाजिक र राजनीतिक सन्देश हो। जनकको हलो माटोमा गाडिनु भनेको राज्यसत्ता र जनताको सम्बन्धलाई पवित्र बनाउनु हो। जनकले राजा भएर पनि हलो जोते, माटोसँग सम्बन्ध जोडे–यो शासन केवल सत्ताको होइन, सेवाको माध्यम हुनुपर्छ भन्ने विचारको प्रतीक हो। सीता पृथ्वीपुत्री हुन् त्यसैले उनी केवल मिथिलाकी पुत्री मात्र होइनन्, सम्पूर्ण मानव सभ्यताकी प्रतिनिधि छन्। उनी नारीका रूपमा आदर्श, धर्मका रूपमा स्थायित्व अनि समाजका रूपमा

–बाँकी तीन पेजमा

# बालबालिकामा बढ्दैछ आस्थमाको समस्या, कसरी रोक्ने ?

**डा. अरुण कुमार सिंह**
बालरोग विशेषज्ञ



बच्चाहरूमा देखिने सबैभन्दा बढी दीर्घकालीन समस्या मध्ये एक हो, आस्थमा। कतिपयले आज्मा वा आस्मा उच्चारण गर्ने गर्दछन्। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का अनुसार विश्वमा करिब ३० करोडमा आस्थमा छ। त्यसमा सबैभन्दा बढी संख्या बच्चाको छ। बालबालिकामा हुने आस्थमालाई बाल दम पनि भनिने गरिएको छ। ठूला व्यक्तिमा हुने दम र बालबालिकामा हुने दम फरक हुन्छ। आस्थमा लाग्नेको संख्या वृद्धि हुनुको कारण मध्ये एक हो, यसको उपचार तथा रोकथामबारे सचेतना कम हुनु। यसबारे सचेत गराउन हरेक वर्ष आजकै दिनमा 'आस्थमा डे' मनाउने गरिन्छ। विश्व आस्थमा दिवस २०२५ को नारा 'सबैका लागि इन्हेलर उपचारको पहुँच सुनिश्चित गरौँ' भन्ने रहेको छ। यो नाराले इन्हेलरको असमान पहुँच हटाउन, जनचेतना फैलाउन, स्वास्थ्य प्रणाली सुधार गर्न, र अस्थमाबाट हुने मृत्यु घटाउन जोड दिन्छ। किनकी, ग्रामीण र विकट क्षेत्रहरूमा दमबारे जानकारी र उपचारको अभाव छ। धेरै ठाउँमा इन्हेलरको उपलब्धता सीमित छ र मानिसहरूमा यसको प्रयोगबारे गलत धारणा पनि छन्।

**के हो त आस्थमा ?**

बाल दम एक दीर्घकालीन श्वासप्रश्वास रोग हो, जसले फोक्सोको श्वासनलीलाई असर गर्छ। यो समस्याले श्वासनलीमा असर गरी त्यहाँका अंगलाई सुन्नाउने र साँघुरो बनाउने गर्छ। यसले कतिपय अवस्थामा सास फेर्न गाह्रो समेत पार्छ। खोकी लागेर छातीमा चाप महसुस हुन्छ। लामो समयसम्म दमको उपचार भएन भने श्वासनली बिग्रँदै जाने, फोक्सोका भागहरू खुम्चिने, फोक्सोको संक्रमण जस्ता जटिलता आउन सक्छ।दमको आक्रमण अचानक ट्रिगर भएर गम्भीर रूप लिन सक्छ, जसले तत्काल चिकित्सकीय उपचार आवश्यक पर्न सक्छ।

**कारण**

धुलो, धुवाँ, परागकण, जनावरको रौँले पनि आस्थमालाई ट्रिगर गर्छ। शहरी क्षेत्रको प्रदूषित हावाले आस्थमाको जोखिमलाई थप बढाउँछ। अहिले प्रदूषणको प्रकोप बढिरहको बेलामा तुलनात्मक रुपमा शहरी क्षेत्रमा बसोबास गर्ने बालबालिकामा दमको बिरामी बढ्ने देखिन्छ। त्यस्तै, चुरोटको धुवाँले वायुमार्गमा पोल्ने र अवरोध गर्न पैदा गर्छ। गर्भावस्थामा धूम्रपान गर्ने आमाबाट जन्मिएका बच्चामा आस्थमाको जोखिम बढ्छ। बाल्यकालमा बारम्बार हुने श्वासप्रश्वास सङ्क्रमणले दीर्घकालीन अस्थमा निम्त्याउन सक्छ। यदि परिवारमा कसैलाई दम छ भने, बच्चामा यो रोग हुने सम्भावना ३ देखि ६ गुणा बढ्छ।

**किन बढ्दैछ ?**

पछिल्लो समय भएका अधिकांश अध्ययनले बालबालिकाहरूमा आस्थमाको समस्या तीव्र रूपमा बढ्दै गएको छ। माथिल्लो उल्लेख गरिएको मध्ये धुलो, वायु प्रदूषण र सेकेन्डह्यान्ड चुरोटको धुवाँजस्ता एलर्जी निम्त्याउने तत्त्वहरूसँग बालबालिकाहरूको बढ्दो सम्पर्कमा आउनु प्रमुख कारण हो। साथै, बाल्यकालमा रोगप्रतिरोधी क्षमता बलियो हुने, रोगहरूको सम्पर्कमा कमी आउनुले पनि यो समस्यालाई बढावा दिएको छ। त्यसैगरी, यो समस्या प्रतिरोधी क्षमता कम हुँदा पनि देखिन्छ। यस्तोमा स्तनपानको दरमा कमी आउँदा बच्चालाई पर्याप्त पोषण नपुगेर रोगप्रतिरोधात्मक प्रणाली कमजोर हुँदै जानुले पनि दमको जोखिमलाई थप बढाएको छ।

**जोखिम कारक**

व्यापक प्रदूषण, एलर्जी, कम तौलमा जन्मिनु, सुर्तीजन्य पदार्थयुक्त वातावरममा गर्भमा रहँदा वा जन्मिसकेपछि बढी रहनु। परिवारमा कसैलाई यो समस्या पहिले नै थियो भने पनि सन्तानमा हुने जोखिम हुन्छ।

**कस्तो लक्षण देखा पर्छ ?**

दमका लक्षणहरू सामान्यदेखि गम्भीरसम्म हुन सक्छन्। गम्भीर देखिए तुरुन्त चिकित्सकको परामर्श लिनुपर्ने हुन्छ।

**जस्तो कि,**

- सामान्य हिँडडुल गर्दा पनि सास फुल्ने समस्या।
- छातीबाट घ्यार घ्यार आवाज आउनु।
- इन्हेलर प्रयोग गर्दा पनि सुधार नहुनु।
- छातीमा असहज अनुभव हुनु वा मांसपेशी खुम्चिनु।
- अत्याधिक पसिना आउनु।
- अनुहार, ओठ वा नङ निलो हुनु।

**शंका लागेमा के परीक्षण गर्ने ?**

चिकित्सकले शंका लागेमा केही परीक्षण गर्न सुझाव दिन सक्छन्। फोक्सोको कार्य परीक्षण - यी परीक्षणहरूले तपाईंको बच्चाको फोक्सोमा हावाको मात्रा र उनीहरूले कति छिटो सास फाल्न सक्छन भनेर मापन गर्छ। यसबाट आएको रिर्पोटले बच्चाको अस्थमाको गम्भीरता निर्धारण गर्न स्वास्थ्य सेवा प्रदायकलाई मद्दत गर्छ। एलर्जी छाला परीक्षण र रक्त परीक्षण- यी परीक्षणहरूले कुनै एलर्जीले पो बच्चाको रोगप्रतिरोधी प्रणालीमा प्रतिक्रिया निम्त्याइरहेको छ कि भनेर पहिचान गर्न मद्दत गर्छ।

छातीको एक्स-रे - दमले छातीमा समस्या पनि देखिन सक्ने सम्भावितका लागि छातीको एक्स-रे लगायत अन्य इमेजिङ परीक्षणहरू प्रयोग गर्न सक्छन्। वयस्कको जस्तो बच्चामा भने पल्मोनरी कार्य परीक्षण गर्न सकिँदैन। त्यसैले, उनीहरूमा अस्थमाको औषधि प्रयोग गरेर बच्चाले कति राम्रो प्रतिक्रिया दिन्छ भनेर परीक्षण गर्नुपर्ने हुनसक्छ।

**उपचार**

दम पूर्णरूपमा निको हुने रोग होइन। यसको उपचार भनेको उचित व्यवस्थापनले यसलाई नियन्त्रण गर्नु मात्र हो।

- चिकित्सकको सल्लाहअनुसार नियमित रूपमा इन्हेलर प्रयोग गर्नाले सासनली सुन्निएको र साँघुरिएको छ भने यसलाई फुकाउन र सुन्निएको कम गर्न मद्दत गर्छ।
- 'रिलिभर' एकदम गाह्रो भएको बेलामा तुरुन्तै आराम दिने औषधि हुन्छ भने अर्को लामो समयसम्म श्वासप्रश्वास नलीमा सुन्निने समस्या कम गर्ने औषधि हुन्छ।
- खाने औषधिको धेरै साइड इफेक्ट हुने भएकाले सिधै श्वास लिने औषधि नेबुलाइजको प्रयोग गरिन्छ। केही बच्चा वर्षमा एकपटक दम हुन्छ भने खाने औषधिले हुन्छ। तर घरीघरी गम्भीर रूपमा बिरामी हुने बच्चामा नेबुलाइजर श्वासप्रश्वासको माध्यमबाट औषधि पनि दिनुपर्छ।
- धुलो, धुवाँ, चिसो हावा वा एलर्जी गराई ट्रिगर गराउने तत्व पहिचान गरी टाढा रहनु महत्त्वपूर्ण छ। ट्रिगरहरू पहिचान गर्न चिकित्सकसँग परामर्श लिन सकिन्छ।
- नियमित व्यायाम, सन्तुलित आहार, तनाव व्यवस्थापन र धूम्रपानबाट टाढा रहनाले दमलाई नियन्त्रण गर्न सहयोग गर्छ। अस्थामा दमको नियन्त्रणको लागि सधैँभरी औषधि लिनुपर्छ ?

दमको समस्या भएका व्यक्तिले सधैंभरि औषधि प्रयोग गर्नुपर्ने हुँदैन। केही समयको नियन्त्रणपछि यो निको हुने सम्भावना हुन्छ। पाँच वर्षभन्दा सानो उमेरमा देखिएको दम पाँच वर्षपछि कम हुन्छ। औषधिले नियन्त्रण गरेमा कम हुँदै जाने र निको हुने सम्भावना हुन्छ।

# जमिनमुनि भासिएर गाडी हराएको ठाउँमा विज्ञहरुद्वारा अध्ययन शुरू



काठमाडौं, २३ बैशाख। हेटौँडामा गएको शुक्रवार जमिन भासिएर गाडी हराएको घटनाबारे खानेपानी तथा भूगर्भसम्बन्धी विज्ञले अध्ययन थालेका छन्। भूगर्भविद्को टोलीले मंगलबार बिहानदेखि घटनास्थलको अध्ययन शुरु गरेको हेटौँडा उपमहानगरपालिकाले जनाएको छ। टोलीले जमिन भासिने कारण पत्ता लगाउने र सम्भावित जोखिम मूल्याङ्कन गर्नेछ। घटनास्थलमा आवश्यक मापन, नमुना सङ्कलन र विश्लेषणको काम भइरहेको छ। गएको शुक्रवार दिउँसो रोकिराखेको अवस्थामा ना ४ ख ४८३३ नम्बरको गाडी जमिन भासिएर त्यहीं पसेको थियो।

गाडी हराएको ठाउँ नजिकै दुई ठाउँमा ठूला माछा पोखरी छन्। पहिले त्यहाँ दलदल पनि रहेको स्थानीयवासीले बताएका छन्। शुक्रवार घाँस काट्ने मेसिन लोड गरिएको गाडी भित्री कच्ची सडकमा रोकिराखेको अवस्थामा अगाडिको पाङ्ग्रा भासिन शुरू भएको थियो। गाडी निकाल्ने क्रममा एक्कासी सडक नै भासिएर गाडी जमिनमुनि गायब भएको प्रहरीको भनाइ छ। गाडीका चालक र सहचालक भने सडक भासिनुअघि नै निस्किएर जोगिएका थिए।

## प्रभावकारी बन्दै ...

"सुत्केरी अवस्थामा अतिविपन्न परिवारका महिलाले पोषिलो खानेकुरा खान नपाउँदा बच्चामा कुपोषण हुने तथा आमाको स्वास्थ्यमा पनि समस्या हुने जोखिम रहन्छ। त्यसलाई रोक्न थोरै भए पनि सहयोग गरौँ भन्ने उद्देश्यले यो कार्यक्रम सुरु गरका हौँ", उनले भने, "अहिले यो अत्यन्त प्रभावकारी भइरहेको छ।" स्वास्थ्य संस्थामा नियमित जाँच गर्ने सुत्केरी तथा गर्भवतीलाई कार्यक्रममार्फत पोषण सामग्री वितरण गर्ने नीतिका कारण सुविधा पाएसँगै अहिले स्वस्थ्य संस्थामा नियमित जाँच गर्नेको संख्या बढ्दै गएको नगरपालिकाकी सिनियर अनमी रिता यादवले बताइन्।

उनका अनुसार यस कार्यक्रममार्फत हालसम्म चार हजारभन्दा बढी सुत्केरी तथा गर्भवतीले सुविधा पाइसकेका छन्। कार्यक्रमअन्तर्गत चामल, दाल, नुन, तेल, चना, सोयाविनलगायत पौष्टिक आहार र खाद्यान्न सामग्री वितरण गर्ने गरिएको उनको भनाइ छ। नगरभित्र विपन्न तथा दलितको जनसंख्या उल्लेख्य भएकाले यहाँका सुत्केरी तथा गर्भवतीको पोषणको अवस्था सुधारका लागि आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिइने नगरप्रमुख चौधरीले बताए। पोषण सामग्री प्राप्त गरेसँगै गर्भवती तथा सुत्केरीले खुसी भएका उनले जानकारी दिए।

## त्रियुगा नदीको ...

बताए।

उनले भने, 'यो बस सोमबार राति सिवाईबाट सप्तरीमा जन्ती पुऱ्याएर फर्किने क्रममा थियो। तर दिउँसोदेखि नै पानी परेकाले त्रियुगा नदीमा बाढी आएको थियो। बस राति ११ बजे जन्ती पुऱ्याएर फर्कने क्रममा बीच नदीमै फस्यो।' असई मेहताका अनुसार नदीमा डुबेको बसमा चालक र सहचालक मात्रै थिए। उनीहरू सकुशल रहेका छन्। नदीमा डुबेको उक्त बस निकाल्न क्रेन बोलाइएको छ। न्रुयू प्रतिसारा यातायातद्वारा सञ्चालिक उक्त यात्रुबाहक बस धरान-बेल्टार रूटमा चल्ने गरेको असई मेहताले बताए।

## धन धन भाग...

आत्मसम्मानको मूर्ति हुन्। जनकपुरधाम आज श्रद्धालुहरूको लहरले भरिएको छ। जानकी मन्दिरमा हजारौं भक्तजन दर्शन र पूजामा लीन छन्। तर, त्यो आस्थाको लहरसँगै एक गहिरो पीडाको सन्देश पनि पोखिएको छ। सीताको माइतीघर अझै विकास र न्यायका दृष्टिमा उपेक्षित छ।

राज्यका नीति निर्माताहरूका लागि जनकपुर अझै 'धार्मिक गन्तव्य' मात्र हो। यहाँको आर्थिक, पूर्वाधार र राजनीतिक विकास प्राथमिकतामा छैन। पार्किङ, सरसफाइ, पर्यटक सूचना केन्द्र, शौचालय, आपतकालीन स्वास्थ्य सेवा—यी सबै कुरामा जनकपुरधाम अझै चुपचाप आफ्ना श्रद्धालुलाई स्वागत गरिरहेको छ। तर, उनीहरूको सम्मान गर्न नसक्ने अवस्थाले गुज्रिरहेको छ। मिथिला केवल धार्मिक भूगोल होइन, यो एक समृद्ध सभ्यता हो। गार्गी, याज्ञवल्क्य, मंडन मिश्र, जानकी—यी सबै मिथिलाका प्रतीकहरू हुन्। यीनले संस्कृत भाषा, दर्शन, न्यायशास्त्र र नारी शिक्षा जस्ता क्षेत्रमा योगदान दिएका थिए। मिथिलामा न्याय थियो, विवेक थियो र शासनमा सेवा भाव थियो।

आज जानकी नवमीको अवसरमा त्यो गौरवशाली अतीत सम्झिँदा लाग्छ—यदि राज्यले मिथिलालाई 'संघीय सांस्कृतिक राजधानी'को रूपमा स्वीकार्न सक्यो भने नेपालले आफ्नो साँस्कृतिक धरोहर मात्र होइन, आर्थिक र वैचारिक नेतृत्व पनि फेला पार्नेछ। जानकी नवमी केवल धार्मिक पर्व होइन, यो नेपालको संविधानमा स्थापित सांस्कृतिक अधिकारको मूर्त रूप हो। यो त्यो दिन हो जब सम्पूर्ण राष्ट्रले नारी चेतनाको आरम्भ, मातृभूमिसँगको सम्बन्ध र न्याय-नीतिका मूल्यहरूलाई सम्झनुपर्छ। राज्यले अब जानकी नवमीलाई राष्ट्रिय सांस्कृतिक पर्वको मान्यता दिनुपर्छ। यसले मिथिलाको अस्तित्वलाई राष्ट्रिय विमर्शमा ल्याउनेछ। जनकपुरधामको पुनर्जीवनको मार्ग खोल्नेछ र धार्मिक पर्यटनलाई आर्थिक समृद्धिको रूपान्तरणमा बदल्नेछ। जनकपुरधामको दीर्घकालीन विकासका लागि राम-जानकी परिक्रमा मार्गको स्तरोन्नति, पार्किङ, सरसफाइ र सुरक्षा व्यवस्थाको सुधार, डिजिटल गाइड सिस्टम र सूचना केन्द्रको स्थापना, 'रामायण सर्किट' अन्तर्गत धार्मिक पर्यटन प्रवर्द्धन, 'मिथिला संस्कृति संग्रहालय'को स्थापना, विदेह विश्वविद्यालयः दर्शन, नीति, संस्कृत भाषा, लोककला र समाजशास्त्रका लागि अनुसन्धान केन्द्रको निर्माण, राम-जानकी मन्दिरलाई युनेस्को विश्व सम्पदा सूचीमा समावेश गराउने कूटनीतिक प्रयास अत्यावश्यक देखिन्छन्।

सीता केवल एक पत्नी, माता वा देवीको भूमिकामा सीमित छैनन्। उनी बलिदान, विवेक, आत्मबल र आत्मगौरवको मूर्त रूप हुन्। उनका जीवनका हर अध्याय—जन्म, विवाह, वनवास, अग्निपरीक्षा—हाम्रो समाजमा महिलाले भोग्नु पर्ने परम्परागत मापदण्डप्रति एक मौन प्रश्न हुन्। तर, सीताले कहिल्यै आफ्नो सम्मान गुमाइनन्, आफ्नो कर्तव्यबाट पछि हटिनन्। र, अन्ततः आफूभित्रको आत्मबलबाट नै इतिहास रचिन्। आज, सीता जन्मोत्सवमा हामीले उनलाई सम्झिनु भनेको—मात्र एक पूजा गर्नु होइन, एक शिक्षालाई आत्मसात गर्नु हो। जनकपुरधाम, जानकीको माइतीघर, केवल एक धार्मिक स्थल होइन—यो नेपालको आत्मा हो। यदि हामीले यस धरोहरलाई केवल तीर्थस्थलको सीमामा राख्यौं भने हामी न त सीतालाई चिन्न सक्छौं, न त मिथिलाको योगदानलाई स्वीकार गर्न सक्छौं। सीतालाई सम्झनु भनेको मिथिलालाई जागाउनु हो। मिथिलाको पुनर्जागरण भनेको नेपालको वैभवको पुनरुत्थान हो। अब समय आएको छ—जानकीको माटोलाई श्रद्धा मात्र होइन, नीति र योजनामा पनि स्थान दिने। जनकपुरधामलाई हामीले भविष्यको सांस्कृतिक राजधानीको रूपमा हेर्न सक्नुपर्छ, जहाँ धर्म, दर्शन, नारी चेतना र न्याय सँगसँगै बाँचुन्।

# एमाले धनुषा अधिवेशनमा झडप हुँदा ५ जना घाइते



धनुषा, २३ बैशाख। नयाँ नेतृत्व चयनका गर्न सुरु भएको नेकपा एमाले धनुषाको अधिवेशनमा दुई समूहबिच झडप भएपछि मंगलबारका लागि तय भएको मतदान स्थगित भएको छ। मंगलवार बिहान १० बजेदेखि मतदानको कार्यतालिका सार्वजनिक भएको थियो। तर, उम्मेदवारी दर्तामै धाँधली भएको भन्दै विवाद उत्पन्न भएको थियो। विवाद बढ्दै जाँदा झडपको रूप लिएको हो। स्थिति सहज नभएपछि मंगलवारका लागि तय भएको मतदान स्थगन गर्नुपरेको निर्वाचन समितिले जनाएको छ। अधिवेशन स्थलमा एकपक्षले अर्को पक्षलाई कुर्सी हानाहान गर्दा ३ प्रहरीसहित ५ जना घाइते भएका छन्। एमालेतर्फ सत्यनारायण महासेठ र महेश दास घाइते भएका हुन्। निर्वाचन समितिले एकपक्षीय रूपमा काम गरेको भन्दै एक पक्ष धर्ना बसेपछि अर्को पक्षले विरोध गर्दा पहिलो पटक झडप भएको थियो। त्यसपछि जसपाका विद्यार्थी नेता समेत अधिवेशनमा पुगेपछि दोस्रो पटक पुन झडप भएको थियो।

जिल्ला अध्यक्ष राजकिशोर यादवले रघुवीर महासेठ आफै अधिवेशन स्थलमा गएर निर्वाचन समितिलाई प्रभावमा पार्न खोजेपछि विवाद बल्झिएको बताए। 'महासेठले निर्वाचन समितिलाई प्रभावमा पारेपछि विवाद भएको हो', अध्यक्ष यादवले रातोपाटीसँग भने। निर्वाचनका क्रममा धाँधली गरेको भन्दै अध्यक्ष पदमा उम्मेदवारी दिएका लक्ष्मी यादवको समूह न्यायिक छानबिनको माग गर्दै धर्ना सुरु गरेको थियो। एमाले धनुषाको नयाँ नेतृत्वका लागि सोमबार उम्मेदवारी दर्ता भएको थियो। एमाले केन्द्रीय सचिव रघुवीर महासेठको समूह र नेता उमाशंकर अरगरिया समूह गरी दुई समूहले अलगअलग प्यानल बनाएर उम्मेदवारी दिएका थिए। महासेठ समूहबाट भोला यादवले अध्यक्षमा उम्मेदवारी दिएका थिए भने उमाशंकर अरगरिया र सञ्जीव झाको समूहबाट लक्ष्मी यादवले अध्यक्षमा उम्मेदवारी दिएका थिए।

धर्नामा बसिरहेको बेला अर्को समूहले आफूमाथि आक्रमण गरेको अध्यक्षका उम्मेदवार लक्ष्मी यादवले बताए। उनले भने, 'हाम्रो पार्टीमा पदाधिकारीमा नोमिनेशन दिनका लागि पार्टीको बेग्लै नीति छ, त्यो नीतिमा अनुसार रहेर जिल्लाको पदाधिकारीमा उम्मेदवारी दिन पाइन्छ। तर यो नीति विपरीत उम्मेदवारी पर्दा पनि निर्वाचन समितिले त्यसको बेवास्ता गरी मतदानको प्रक्रिया अगाडि बढाएको थियो, योसँगै अन्य पाटोमा पनि एकपक्षीय गतिविधि गरिरहेको धेरै प्रमाणहरू भेटिएपछि हामीहरू त्यसको न्यायिक छानबिनको माग गर्दै धर्ना सुरु गरेका थियौँ। यही बेला हामीसँग विवाद गरियो।

**कमजोर भएपछि विवाद**

दुवै समूहबाट प्यानल नै खडा गरेर उम्मेदवारी परेपछि धनुषामा कार्यकर्ता तानातानको अवस्था भएको एमाले एक नेता बताउँछन्। यही क्रममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन भइसकेपछि साँझमा दुवै समूहका उम्मेदवारले आफ्नो शक्ति परीक्षणका लागि रात्रीभोजको आयोजना गरेका थिए। भोजमा लक्ष्मी यादव समूहको शक्ति परीक्षण कमजोर देखिएको अर्को पक्षको भनाइ छ। अधिकांश कार्यकर्ताहरू भोला यादवको भोजमा गएपछि आफूहरूको प्यानल विजयी नहुने आँकलन लक्ष्मी यादव समूहले गरेर बखेडा झिकेको लक्ष्मी यादव समूहको भनाइ छ। दुवै समूह एमालेको संस्थापन पक्ष मानिन्छन्।

# गभर्नर नियुक्तिमा ढिलाइ प्रमका कारण भएको होइन : देउवा



काठमाडौं, २३ बैशाख। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले राष्ट्र बैंकको गभर्नर नियुक्तिमा भइरहेको ढिलाइ प्रधानमन्त्रीका कारण नभएको स्पष्ट पारेका छन्। नेपाली कांग्रेस आर्थिक नीति तथा योजना विभागद्वारा मंगलबार सानेपामा आयोजित कार्यक्रममा देउवाले प्रधानमन्त्रीका कारण नभइ कांग्रेसका तर्फबाट गभर्नर नियुक्तिका लागि नाम सिफारिस गर्न समस्या भएकाले ढिलाइ भएको बताए। प्रधानमन्त्री केपी शर्मा ओलीले गभर्नर चयनको जिम्मा कांग्रेसलाई दिएको उनले बताए। "प्रधानमन्त्री केपी शर्मा ओलीजीले गभर्नर चयनको जिम्मा कांग्रेसलाई दिनुभएको छ," उनले भने। सभापति देउवाले अहिले सत्ता गठबन्धनमा कुनै समस्या नभएको समेत स्पष्ट पारे। अहिलेको प्रणालीमा एउटा पार्टीको मात्रै बहुमत आउने अवस्था नरहेकाले अन्य दलसँग गठबन्धन गर्नुपर्ने अवस्था रहेको उनको भनाइ छ।

सभापति देउवाले मुलुकको अर्थतन्त्रमा देखिएको शिथिलता क्रमशः कम हुँदै गएको अवस्थामा कांग्रेस सम्मिलित गठबन्धन सरकारले आर्थिक विकासलाई गति दिनका लागि अझ मेहनत गर्नुपर्ने धारणा राखे। आगामी बजेटमा धेरै योजना प्रस्ताव गर्ने तर पूरा नहुने स्थितिको अन्त्य गर्नुपर्नेमा जोड दिए।

गिरिजाप्रसाद कोइरालाले सुरु गरेको उदारिकरणका कारण धेरै उद्योगधन्दाहरू खुलेको भन्दै सबै उद्योग बेचे भन्ने आरोप सत्य नभएको जिकिर गरे। उद्योग गर्ने र व्यापार गर्ने काम सरकारको नभइ उद्योगपति र व्यापारीहरूको भएको भन्दै उनले उद्योग र व्यापारको क्षेत्रमा सरकारले निजी क्षेत्रलाई सहजीकरण गर्ने विश्वास व्यक्त गरे।

# डाक्टर विदेशिने क्रम बढ्नु चिन्ताको विषय : राष्ट्रपति पौडेल



काठमाडौं, २३ वैशाख। राष्ट्रपति रामचन्द्र पौडेलले डाक्टरहरू विदेशिने क्रम बढ्नु चिन्ताको विषय भएको बताएको छ। चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको २३औं स्थापना दिवसको अवसरमा काठमाण्डौमा भएको कार्यक्रमलाई सम्बोधन गर्दै उनले स्वास्थ्य सेवामा सुधार भइरहेको तर सम्पूर्ण जनशक्तिले पर्याप्त अवसर नपाएको गुनासो आइरहेको उल्लेख गरे। त्यसको परिणाम चिकित्सकहरू विदेशिने क्रम बढ्नु चिन्ताको विषय भएको र यो क्रमलाई रोक्न सम्बद्ध सबै पक्षले उपयुक्त कदम चाल्नुपर्ने उनको सुझाव छ।

राष्ट्रपति पौडेलले नेपालमै स्तरीय स्वास्थ्य सेवा तथा उपचार हुन थालेको भन्ने आफैँले पनि अनुभव गरेको बताए। कार्यक्रममा राष्ट्रपतिले प्रा. डा. सुदीपकुमार भट्टचार्यलाई सम्मान गर्नुका साथै विभिन्न विधामा सर्वोत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई नगद पुरस्कार र प्रमाणपत्र वितरण गरेको थियो।

# नीति तथा कार्यक्रमको कुनै औचित्य छैन : उपेन्द्र यादव




काठमाडौं, २३ बैशाख। जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले नीति तथा कार्यक्रमको कुनै औचित्य नरहेको बताएका छन्। मङ्गलबारको प्रतिनिधि सभा बैठकमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिँदै उनले यस्तो बताएका हुन्। उनले नीति तथा कार्यक्रम कर्मकाण्डी धान्नु बाहेक अरू औचित्य नरहेको जिकिर गरे। उनले नीतिगत आधारमा हेर्दा एक ठाउँमा समाजवाद उन्मुख भन्ने शब्द प्रयोग भए पनि समष्टिगत रूपमा नीति र कार्यक्रम पढ्दा यसको उद्देश्य र गन्तव्य नवउदारवादतर्फ रहेको बताए। नवउदारवाद र समाजवाद एक अर्काका विपरीत भएको बताए।

अध्यक्ष यादवले भने,'नीति तथा कार्यक्रम वास्तवमा कहिले कहाँबाट सुरु भएर राजा, महाराजाको पालादेखि सुरु भएर त्यसलाई कमरेडहरूले पनि धान्या हो। नत्र यसको त कुनै जरुरत र औचित्य नै छैन। यसले के गर्नु, बुक बाँड्ने, टिका टिप्पणी बाहेक के हुनेवाला छ। औचित्य के छ। यो कुरा बजेटले केही सपोर्ट गर्ला, केही नगर्ला। कर्मकाण्डमै भए पनि सरकारले ल्याएको छ। सरकारले आफ्ना नीति राख्ने हो। नीतिगत आधारमा हेर्दा एक ठाउँमा समाजवाद उन्मुख भन्ने शब्द प्रयोग भएको छ। तर समष्टिगत रूपमा नीति र कार्यक्रम पढ्दा यसको उद्देश्य र गन्तव्य नवउदारवादतर्फ छ। नवउदारवाद र समाजवाद एक अर्काका विपरीत कुरा हुन्।'

अध्यक्ष यादवले समाजवाद उन्मुख भएको भए उपभोक्ता वर्ग, गरिब, किसान, मजदुर, सर्वहारा,मधेसी, आदिवासी जनजाति, अल्पसंख्यक, दलित, महिला, विपन्न वर्गलाई केन्द्रमा राखेर नीति तय गर्नुपर्नेमा त्यसो हुन नसकेको बताए।

# डिस्टिलरी व्यापारी अमित अग्रवाल पक्राउ, साढे एक करोड जरिवाना तिर्न बाँकी

काठमाडौं, २३ बैशाख। मदिरा व्यापारी अमित अग्रवाल पक्राउ परेका छन्। केही वर्षअघि काठमाडौंको कान्तिपथमा रहेको ग्रीनलाइन सेन्टर प्रालिमा ताला लगाएर परिवारसहित भारत भागेपछि चर्चामा आएका अग्रवाललाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी अपिलराज बोहराका अनुसार बैंकिङ कसुरमा एक करोड ५० लाख जरिवाना र ३० दिन कैद भुक्तान गर्न बाँकी रहेको हुँदा पक्राउ गरेको हो। ४७ वर्षीय अग्रवाललाई मंगलबार प्रहरीले स्वयम्भू क्षेत्रबाट पक्राउ गरेको हो। उनीविरूद्ध उच्च अदालत पाटनले २०८० जेठ २२ गते उक्त सजाय सुनाएको थियो। उनीविरूद्ध पुमोरी डेभ्रुलपर्स प्रालिले मुद्दा दानयर गरेको थियो। अग्रवाल सागर डिष्टिलरी प्रालिका संचालक समेत हुन्।

उनले पुरानो व्यावसायक चिनजानको क्रममा कारोबारको सिलसिलामा आवश्यकता परेपछि प्रालिका संचालकहरूसँग व्यक्तिगत र कम्पनीको नामबाट पटकपटक रकम लिएका थिए। त्यसरी एक करोड ५० लाख रकम भएको थियो। तर प्रालिलाई चेक काटेर दिंदा चेक बाउन्स भएको थियो। उक्त चेक बाउन्स कसुरमा उनलाई प्रहरीले पक्राउ गरेको हो। अग्रवालविरूद्ध चेक अनादर कसुरमा २०८० असार २१ गते तीन हजार रुपैयाँ जरिवाना र २०८० फागुन २४ गते चेक अनुसारकै कसुरमा चार हजार रुपैयाँ जरिवाना समेत भएको थियो।

२०७८ सालमा ग्रिनलाइन सेन्टर प्रालि संचालन गर्दा अग्रवाल सुटुक्क भारत भागेका थिए। उनले व्यापारको तनावले गर्दा परिवारसहित भारत पुगेको बताएका थिए। पछि उनले प्रहरीसँग सम्पर्क समेत गरेका थिए। उनी सम्पर्कबिहीन भएपछि विभिन्न बैंकले उनको कम्पनीमा ताला समेत लगाएका थिए। सर्वसाधारणको निक्षेपबाट ग्रीनलाइनमा बैंकहरूले गरेको लगानी जोखिममा परेपछि यो प्रकरणको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले गरेको थियो। सञ्चालक फरार भएको विषयमा भने तत्कालीन समयको महानगरीय प्रहरी परिसर काठमाडौंले अनुसन्धान गरेको थियो।




मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)